ネパール語

# कुरुमे नगरको कोकुमिन केन्कोउ होकेन अर्थात नागरिक स्वास्थ्य बिमाका बारेमा




**कुरुमे नगर केन्कोउ होकेन-खा भनिने स्वास्थ्य बिमा फाँट**

(कुरुमे नगरपालिका कार्यालय 1F)

TEL0942-30-9031

FAX0942-30-9751

## जापानमा नागरिक सबैलाई बिमा प्रणाली लागू हुन्छ

जापानमा, ढुक्क भएर चिकित्सा-उपचार पाउन सकिने गरी, सबै जनाले चिकित्सा बिमाको सदस्यता लिनुपर्ने गरिएको छ। (नागरिक सबैको बिमा प्रणाली)। नागरिक स्वास्थ्य बिमा (जसलाई कोकुहो पनि भनिन्छ) भनेको त्यस्तै चिकित्सा बिमाको एक प्रकार, जसलाई हामी बस्ने गाउँपालिका/नगरपालिकाले सञ्चालन गरेको हुन्छ। कोकुहो भनेको बिमितहरू सबै मिलेर पैसा हाली, एकअर्कालाई सहयोग गर्ने प्रणाली हो। स्वस्थ जीवन निर्वाह गर्नको लागि, सबैले होस्टेमा हैँसे मिलाएर कोकुहोलाई टेवा दिऔँ।


## कोकुहोको सदस्यता नलिई नहुने व्यक्ति

- 3 महिना वा सो भन्दा बढी जापानमा रहन स्वीकृति पाएका विदेशी नागरिक (पर्यटन भिसा बाहेकको भिसा भएको व्यक्ति)
- कार्यस्थलको स्वास्थ्य बिमा या उत्तरार्द्धका वृद्ध व्यक्तिले लिने चिकित्सा-उपचार प्रणालीको सदस्यता नलिई रहेको व्यक्ति
- सेइखाचु होगो अर्थात जीवनयापन संरक्षण भत्ता नलिई रहेको व्यक्ति



**कोकुहोको सदस्यता लिएमा बिमा शुल्क तिर्नैपर्ने हुन्छ**

## बिमा प्रमाणपत्रलाई जतन गर्ने




कोकुहोको सदस्यता लिएमा बिमा प्रमाणपत्र प्रदान गरिन्छ। बिमा प्रमाणपत्र भनेको कोकुहोको सदस्यता लिएको भनेर प्रमाणित गरिएको कागजात हो। डाक्टरलाई देखाउन जाँदा, काउण्टरमा प्रस्तुत गरेमा कोकुहोको लाभ प्राप्त गर्न सकिन्छ। बिमा प्रमाणपत्र भनेको बसोबास (जाइर्‍यू) कार्ड सरह महत्वपूर्ण कागजात भएकोले जतन गरेर राख्ने गरौँ।

बिमा प्रमाणपत्र छ भने, तपाईं बिरामी पर्दा होस् या तपाईंलाई चोटपटक लाग्दा होस्, चिकित्सा खर्च मध्ये आफूले वहन गर्नुपर्ने राशि मात्रै तिरेमा इलाज पाइने, औषधि पाइने हुन्छ।

**(जस्तै:) अस्पताल शुल्क 5,000 येन उठ्दा (आफैंले वहन गर्नुपर्ने राशि 30% हुँदा)**

| नगरले वहन गरिदिने भाग 3,500 येन | तपाईंले तिर्नुपर्ने भाग 1,500 येन |
|---|---|

**यदि बिमा प्रमाणपत्र नभईकन डाक्टरलाई देखाउन जानु भयो भने 5,000 येनका साथै अरू पनि तिर्नुपर्ने हुन्छ।**

### कुनै पनि हालतमा गर्न नहुने कुरा!!

× अरूलाई बिमा प्रमाणपत्र सापट दिने, आफूले सापट लिने गर्नु हुँदैन
× बिमा प्रमाणपत्रको अन्तर्वस्तु आफैंले लेख्ने, केरमेट गर्ने गर्नुहुँदैन

**यस्ता उल्लङ्घन गर्ने कार्य गरेमा कानुनी कारबाही हुन्छ**

## बिमा शुल्क

नागरिक स्वास्थ्य बिमाको सदस्य सबैजना मिलेर हालेको पैसा (बिमा शुल्क)ले नै, चिकित्सा खर्च परिपूर्ति हुने गर्छ। नागरिक स्वास्थ्य बिमा शुल्क प्रणाली भनेको, भैपरी आउने बिमारी या चोटपटकको तयारी स्वरूप, एकले अर्कालाई सहयोग गर्ने प्रणाली हो। अवश्य पनि हरेक महिनाको चुक्ता गर्नुहोला।

**बिमा शुल्क गणना गर्ने विधि**

आधारभूत शुल्क (सदस्य सङ्ख्या अनुरूप) + तलब अनुसारको अभिवृद्धि रकम = तपाईंको बिमा शुल्क

## कोकुहोको सदस्य भएको दोस्रो वर्ष पश्चात भने......

जापानमा आएको पहिलो वर्षमा भने, त्यो भन्दा अघिल्लो वर्ष जापानमा तलब नबुझेको हुने हुनाले सबैभन्दा कम बिमा शुल्क मात्र तिरे पुग्छ। जापानमा आय कम भएको व्यक्ति हो भने, आधारभूत शुल्कमा 70% छुट हुने हुनाले, बिमा शुल्क एकदमै सस्तो पर्न आउने हुन्छ।

तथापि, आरुबाइतो आदि टन्न गरेर, जापानमा पाउने तलब वृद्धि भयो भने दोस्रो वर्ष देखि तलब अनुसारको बिमा शुल्क लागु हुने हुनाले, बिमा शुल्क महँगो हुन जान्छ।

| (पहिलो वर्ष) | | (दोस्रो वर्ष) |
|---|---|---|
| | दोस्रो वर्ष...... → | अघिल्लो वर्षको तलब अनुसारको अभिवृद्धि रकम |
| आधारभूत शुल्क | | आधारभूत शुल्क |

## बिमा शुल्क नतिरेमा......

1. चुक्ता म्याद कटे पनि चुक्ता नगरेको खण्डमा, ताकिता पत्र पठाइन्छ।
   ढिला-सुस्ती जरिबाना लाग्ने हुन्छ। भुक्तानी गर्नुपर्ने रकम साधारण अवस्थामा भन्दा महँगो पर्न जान्छ।
   भुक्तानीको जानकारी दिनको लागि बोलावट पत्र काट्ने, यहाँहरूको घरमै आउने, मोबाइलमा फोन गर्ने गरिन्छ।

2. बिमा प्रमाणपत्रको बहाल अवधि छोटो हुन जाने हुन्छ। साधारण अवस्थामा भन्दा बहाल अवधि छोटो हुने बिमा प्रमाणपत्र हो जुन, नवीकरण प्रक्रिया गर्दा, नगरपालिका कार्यालय वा सोउगोउ-सिस्यो भनिने एकिकृत शाखामा तारनतार धाएर गर्नुपर्ने हुन्छ। लामो अवधिको चुक्ता नगरेको व्यक्तिबाट बिमा प्रमाणपत्र फिर्ता लिइन्छ र, चिकित्सा खर्च पुरै वहन गर्नुपर्ने "सिखाकु स्योउमेइ-स्यो" भनिने पत्र दिइन्छ।

**बिमा शुल्क नतिरी बसेमा, तपाईंको बैङ्कको बचत खाता या तलब जाँचबुझ गरेर जफत गरिन्छ**

## आयको घोषणा

कोकुहोको बिमा शुल्क अघिल्लो वर्षको आय (तलब) अनुसार निर्धारण हुने भएकोले, कति तलब आयो भनेर घोषणा गर्नुपर्ने आवश्यकता रहन्छ। हरेक वर्ष घोषणा गर्ने गर्नुहोस्।
कम्पनीमा काम गर्ने व्यक्तिको हकमा, आफू काम गर्ने कम्पनीले नगरपालिका कार्यालयमा रिपोर्ट दिने हुनाले, आफैंले घोषणा गर्नुपर्ने आवश्यकता रहँदैन।

**कस्तो बेलामा घोषणा गर्नपर्ने आवश्यकता रहन्छ त??**



1. जापानमा आएको पहिलो वर्षमा घोषणा गर्नै पर्छ।
*बिमा प्रमाणपत्र वितरण गर्दा, अघिल्लो वर्ष जापानमा आय (तलब) नभएको भनी घोषणा गरेको हुनुपर्दछ, यदि घोषणा गरेको छैन भने त्यसको प्रक्रिया अपनाउनु पर्ने हुन्छ! प्रक्रिया अपनाएमा बिमा शुल्क घट्ने सम्भावना रहन्छ।


2. कम्पनीमा काम गरेपनि, कम्पनीले नगरपालिका कार्यालयमा तपाईंको आय (तलब)को रिपोर्ट नपठाएर, आय (तलब) निश्चय गर्न नसकेको खण्डमा, आफैंले घोषणा गर्नपर्ने आवश्यकता रहन्छ। कम्पनीमा सोधेर निश्चय गर्नुहोला।

### घोषणा विधि

**जनवरी 1 तारिखको समयावधिमा, कुरुमे नगरमा बसोबास गरेको थिएँ**

**हो** →

हान्को (नामको छाप) लिएर, कुरुमे नगरपालिका कार्यालय अन्डरग्राउन्ड 1 तलामा रहेको सिमिन्-जेइ-खा (नगरवासी कर फाँट)बाट घोषणा गर्नुहोस्



**होइन** →


जनवरी 1 तारिखको समयावधिमा, जापानको अन्य गाउँपालिका/नगरपालिकामा बसोबास गर्थें

- **हो** → जनवरी 1 तारिखमा बसोबास गरेको गाउँपालिका/नगरपालिकाबाट घोषणा गर्ने। त्यस पछि, जनवरी 1 तारिखमा बसोबास गरेको नगरमा कुरुमे नगरले जाँचबुझ गर्ने भएकोले, घोषणा गरे पश्चात कुरुमे नगर केन्कोउ होकेन-खा (स्वास्थ्य बिमा फाँट)मा, घोषणा समापन भएको रिपोर्ट गर्नुहोला।
- **होइन** → हान्को (नामको छाप) लिएर कुरुमे नगरपालिका कार्यालयको भुइँ तलामा भएको केन्कोउ होकेन-खा (स्वास्थ्य बिमा फाँट) काउण्टरमा आउनुहोला।

# बिमा शुल्क भुक्तानी गर्ने विधि

सदस्यता लिने प्रक्रिया गरे पश्चात, कुरुमे नगरबाट बसोबास गरिराखेको ठेगानामा बिल (चुक्ता पत्र) पठाइन्छ। बिल (चुक्ता पत्र) आइपुगेपछि, म्याद सम्ममा बैङ्क/हुलाक/कन्भिनियन्स स्टोर/नगरको काउण्टरबाट भुक्तानी गरौं।
*आउँदो आर्थिक वर्ष पछि, हरेक वर्षको जुन महिनाको 15 तारिख तिर, 1 वर्षको बिल (चुक्ता पत्र) बसोबास गरिरहेको ठेगानामा पठाइन्छ।

बिमा शुल्क तिर्दा, 10 पटक (जुन महिना देखि आउँदो वर्षको मार्च महिना सम्मको हरेक महिनाको भाग) गरी भुक्तानी गरिन्छ। भुक्तानी गर्न बिर्सिएमा, पछि गएर सबै एकैचोटि भुक्तानी नगरी सुख पाईंदैन। एकैचोटि भुक्तानी गर्दा एकदमै गाह्रो हुने हुनाले, हरेक महिना नबिर्सिकन भुक्तानी गर्नुहोला।





★चुक्ता पत्रको म्याद, हरेक महिनाको मसान्त (मसान्तको दिन शनि/आइत/रातो बिदाको दिन परेको खण्डमा त्यसको अर्को कार्यालय खुल्ने दिन) सम्म रहन्छ।
डिसेम्बरमा भने 25 तारिख सम्म मात्र म्याद हुने हुनाले सावधानी अपनाउनुहोला।

★भुक्तानी गर्दा बैङ्क/हुलाक/कन्भिनियन्स स्टोर/नगरको काउण्टर (नगरपालिका कार्यालय भुइँ तला 7 नं. काउण्टर केन्कोउ होकेन-खा, हरेक सोउगोउ-सिस्योमा रहेको फुकुसि-खा, सिमिन्-सेन्टर) बाट गर्ने हो।

★म्याद नाघेको खण्डमा कन्भिनियन्स स्टोरबाट तिर्न मिल्दैन। अवश्य पनि म्याद सम्ममा भुक्तानी गर्नुहोला।

# चुक्ता पत्र हेर्ने तरिका



## खाताबाट रकमान्तर

नागरिक स्वास्थ्य बिमाको शुल्क भुक्तानी गर्नको लागि सुविधाजनक हुने खाताबाट कटाउने तरिका सिफारिस गर्दछौं।

**खाताबाट रकमान्तर गर्ने आवेदन दिँदा, निम्न लिखित ①② मध्येको कुनैबाट गर्न सकिन्छ।**

### ① बैङ्कको ATM कार्डबाट आवेदन गर्ने विधि

बैङ्कमा दर्ता गरेको हान्को नभएपनि, बैङ्कको ATM कार्ड मात्रले नागरिक स्वास्थ्य बिमा शुल्कको खाताबाट रकमान्तरको लागि आवेदन दिन सकिन्छ (बायोमेट्रिक प्रमाणीकरणको IC चिप भएको ATM कार्ड भने चल्दैन)। चाहना भएका व्यक्तिले, ATM कार्ड र बिमा प्रमाणपत्र लिएर गई, नगरको काउण्टर (नगरपालिका कार्यालय भुइँ तला 7 नं. काउण्टरको केन्कोउ होकेन-खा, हरेक सोउगोउ-सिस्योमा रहेको फुकुसि-खा, सिमिन्-सेन्टर) बाट प्रक्रिया अपनाउनु होला

**《ATM कार्डबाट दर्ता गर्न सकिने बैङ्क》**

फुकुओका बैङ्क, चिकुहो बैङ्क, जापान-पोष्ट बैङ्क, निसि-निप्पोन-सिटि बैङ्क, सागा बैङ्क, सिन्वा बैङ्क, फुकुओका-च्यूओउ बैङ्क, किता-क्यूस्यू बैङ्क, कुमामोतो बैङ्क, एटिन्थ बैङ्क, हिगो बैङ्क, चिकुगो-सिन्किन्-किन्को, ओवखावा-सिन्योउ-किन्को, क्यूस्यू-रोउदोउ-किन्को

### ② खाताबाट रकमान्तर गर्ने अनुरोध पत्र (लिखत) मार्फत आवेदन गर्ने विधि


तलका तीन चिज तयार गरी, कुरुमे नगरले तोकेको बैङ्क (जापान-पोष्ट बैङ्क समेत चल्ने)बाट प्रक्रिया अपनाउनु होला।

① नागरिक स्वास्थ्य बिमा प्रमाणपत्र

② बैङ्क पासबुक


③ बैङ्कमा दर्ता गरेको हान्को (नामको छाप)



**बैङ्कको ATM कार्ड नगरको काउण्टरमा लिएर गएमा, खाताबाट रकमान्तर हुने प्रक्रिया सजिलै अपनाउन सकिने रहेछ नि त।**

## यस्तो पत्र आयो भने त्यो समयमा के गर्दा ठिक होला?




निर्धारित म्याद सम्ममा भुक्तानी नगरेको खण्डमा, ताकिता पत्र पठाइन्छ। ताकिता पत्रमा तोकिएको म्याद सम्ममा भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं।

**भुक्तानी गर्नुपर्ने रकम रहेको छ।**


**भुक्तानी म्याद रहेको छ।**

ताकिता पत्र पठाउँदा पनि भुक्तानी नगरेको खण्डमा, बोलावट पत्र पठाइन्छ। बोलावट पत्र आएमा, तोकिएको म्याद सम्ममा सम्पूर्ण रकम चुक्ता गर्नुहोला। साथै, सम्पूर्ण रकम चुक्ता गर्न अप्ठ्यारो परेमा परामर्श गर्नुहुन अनुरोध गर्दछौं।

**〈परामर्श स्थल〉**

- **नगरपालिका कार्यालयमा रहेको केन्कोउ होकेन-खा भनिने स्वास्थ्य बिमा फाँट**
  (भुइँ तला 7 नं. काउण्टर)
- **हरेक सोउगोउ-सिस्यो**

※सिमिन्-सेन्टरमा परामर्श गर्न सकिँदैन।



納付催告書

あなたの国民健康保険料（税）については、納付期限後相当の期間が経過しておりますが、いまだに納付されていません。このままでは、国民健康保険の運営において、多くの納付義務者との公平の面からも支障をきたしますので、

平成31年 3月 15日 までに納付してください。

※期日までに納付がない場合は、あなたの財産を法に基づき調査し、随時差押処分を行うことになります。
なお何らかの事情で納付できない方は、健康保険課（市役所1階）及び市民福祉課（各総合支所）の担当者にご相談ください。
※本状と行き違いに納付されていましたときは、ご容赦ください。

| 科目 | 通知書番号 | 期別 | 納期限 | 未納額 | 延滞金 | 未納合計額 | 備考 |
|---|---|---|---|---|---|---|---|
| 国民健康保険 | | 04 | 30 10 1 | 2900 | 0 | 2900 | |
| 国民健康保険 | | 05 | 30 10 31 | 2900 | 0 | 2900 | |
| 国民健康保険 | | 06 | 30 11 30 | 2900 | 0 | 2900 | |
| 国民健康保険 | | 07 | 30 12 25 | 1800 | 0 | 1800 | |
| 合計額 | | | | 10500 | 0 | 10500 | |

**भुक्तानी म्याद रहेको छ।**

**भुक्तानी गर्नुपर्ने रकम रहेको छ।**

## यस्तो अवस्थामा प्रक्रिया अपनाउनु होला

### ●काम गर्ने ठाउँको कर्मचारी बिमाको सदस्यता लिएको बेलामा

काम गर्ने ठाउँको कर्मचारी बिमाको सदस्यता लिएमा, नागरिक स्वास्थ्य बिमा प्रमाणपत्र भने प्रयोग गर्न मिल्दैन।
नगरपालिका कार्यालय भुइँ तला 7 नं. काउण्टर, हरेक सोउगोउ-सिस्योमा रहेको फुकुसि-खा, सिमिन्-सेन्टरबाट नागरिक स्वास्थ्य बिमा छोड्ने प्रक्रिया अपनाएर, बिमा प्रमाणपत्र फिर्ता गर्नुहोला।
छोड्ने प्रक्रिया नगरेमा, बिमा शुल्कको बिल आउन बन्द हुँदैन। अवश्य पनि प्रक्रिया अपनाउनु होला।

**〈आवश्यक पर्ने वस्तु〉**

- नागरिक स्वास्थ्य बिमा छोड्ने व्यक्ति सबैको बिमा प्रमाणपत्र
- कर्मचारी बिमामा छिर्ने व्यक्ति सबैको बिमा प्रमाणपत्र
- हान्को (नामको छाप)
- माइनम्बर थाहा हुने कागजात



### ●चुक्ता सम्बन्धी परामर्श

म्याद अनुरूप चुक्ता गर्न नसक्ने व्यक्तिले सक्दो चाँडो परामर्श गर्नुहोला।

### ●बसाईं सराइ

ठेगाना परिवर्तन गरेपछि नगरपालिका कार्यालयमा निवेदन दिनुपर्ने आवश्यकता रहन्छ।

## सोधपुछ स्थल

कुरुमे नगरपालिका कार्यालयमा रहेको, 【डाइरेक्ट फोन लाइन 0942-30-9031】
केन्कोउ होकेन-खा भनिने स्वास्थ्य बिमा फाँट 【Fax 0942-30-9751】
(स्थल : भुइँ तला 7 नं. काउण्टर)

तानुसि-मारु सोउगोउ-सिस्योमा रहेको, 【डाइरेक्ट फोन लाइन 0943-72-2112】
सिमिन्-फुकुसि-खा भनिने नगरवासी कल्याणकारी फाँट 【Fax 0943-72-3819】

कितानो सोउगोउ-सिस्योमा रहेको, 【डाइरेक्ट फोन लाइन 0942-78-3552】
सिमिन्-फुकुसि-खा भनिने नगरवासी कल्याणकारी फाँट 【Fax 0942-78-6482】

योउजिमा सोउगोउ-सिस्योमा रहेको, 【डाइरेक्ट फोन लाइन 0942-62-2112】
सिमिन्-फुकुसि-खा भनिने नगरवासी कल्याणकारी फाँट 【Fax 0942-62-3732】

मिजुमा सोउगोउ-सिस्योमा रहेको, 【डाइरेक्ट फोन लाइन 0942-64-2312】
सिमिन्-फुकुसि-खा भनिने नगरवासी कल्याणकारी फाँट 【Fax 0942-65-0957】

《 खुल्ने समय 》
सोमबार देखि शुक्रबार सम्मको 8:30 देखि 17:15 बजे सम्म।
पुनश्च, हप्ताको हरेक बिहिबार मात्र 8:30 देखि 19:00 बजे सम्म।
(रातो बिदाका दिनहरू, वर्षान्त तथा नयाँ वर्षका दिनहरू बाहेक)